# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, ३ नं. प्रदेश, नेपाल

# नगर कार्यपालिकाको कर्मचारी आचार संहिता, २०७४

भरतपुर महानगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत

मिति: २०७४/०५/१६

Scanned by CamScanner

## भरतपुर महानगरपालिका कर्मचारीहरुको आचार संहिता २०७४

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र प्रचलित कानून प्रति प्रतिबद्ध रही कानूनी राज्य संघिय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित वितरण व्यवस्थापन र दिगो बिकासको अवधारणालाई मूर्तरुप दिन र कर्मचारीहरुको मर्यादा, व्यबहारलाई शिष्ट वनाउन भरतपुर महानगरपालिकाका कर्मचारीहरुका लागि भरतपुर महानगरपालिकाको नगरकार्यपालिकाको बैठकबाट पारित गरी कर्मचारीहरुले पालना गर्ने देहाय वमोजिमको आचरणहरुको नियम वनाई लागु गरिएको छ ।

१. यो आचारको नियमलाई भरतपुर महानगरपालिका कर्मचारी आचार संहिता २०७४ मानिने छ ।

२. यो आचार संहिता तुरुन्त लागु हुने छ ।

३. स्थानीय तह भन्नाले भरतपुर महानगरपालिकालाई जनाउँदछ ।

४ यस स्थानीय तहका कर्मचारीहरुले देहाय वमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

क) स्थानीय तहको काममा कुनै प्रकारले असर पर्न सक्ने गरी कार्यपालिकाको निर्णय बिना कसैबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आफुले स्वीकार गर्नु वा आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिनु हुदैन ।

ख) कार्यपालिकाको स्वीकृती बिना कुनै कामका निम्ती कुनै किसिमको सहयोग माग्न बा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुदैन ।

ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागत मूल्य समेतको जानकारी कार्यलयमा पेश गर्नु पर्ने छ ।

घ) यस तहको लागिं गरिने कुनै पनि कामको खरिद प्रकिया (ठेक्का, टेन्डर, वोलपत्र) मा आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा सहभागी हुनु हुदैन ।

ङ) यस कार्यालयको काम संग सम्बन्धित भएको कुनै व्यक्ति संग सापट लिन वा निजको आर्थिक कृतज्ञातामा पर्नु हुदैन, तर बैंक संग लेनदेन गर्दा यो नियम लागु हुने छैन ।

च)सार्वजनिक स्थल तथा खुला ठाऊँमा कुनै किसिमको फटाका जुवा, तास, चिट्टा खेल्ने, बाजि लगाउने आदि जस्ता कार्य गर्नु हुँदैन ।

छ) कार्यपालिकाको स्वीकृत बिना कुनै बैक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा संचालनको काममा भाग लिनु हुदैन ।

ज) स्थानीय तहबाट अख्तियार नभई आफुले लेखेको वा प्राप्त गरेको कुनै काजगपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनाधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई सूचना गर्नु हुदैन ।



Scanned by CamScanner

झ) संघ, प्रदेश वा स्थानीय सरकारको काम कारवाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वा वास्तविक वा काल्पनीक नामबाट वा बेनामी कुनै लेख प्रकाशन वा रेडियो वा टेलिभिजनद्धारा प्रशारण गुर्न हुदैन ।

ञ) संघ प्रदेश वा स्थानीय तहको नीतिको बिरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्नु हुदैन ।

ट) स्थानीय तहबाट निर्धारित समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनु पर्छ र बिदा स्वीकृत नगराइ आफ्नो काममा अनुपस्थिति हुनु हुदैन ।

ठ) कार्यालयको गोप्यता भंग गर्नु हुदैन ।

ड) स्थानीय तहको कर्मचारीले आफु भन्दा माथिल्लो तहको अधिकृतले दिएको आदेशलाई सिघ्रता र परिश्रमका साथ पुरा गर्नु पर्नेछ ।

ढ) आफ्नो नोकरी सम्बन्धी कुरामा मतलव साध्न गर्न आफु भन्दा माथीका अधिकृतहरु माथी कुनै राजनैतिक वा अरु अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन ।

ण) स्थानीय तहका कर्मचारीले आफु माथिका अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्दछ ।

त) प्रचलित कानून विपरित हुने गरी बहुबिबाह वा अनमेल विवाह गर्न गराउनु हुदैन ।

थ) कुनै पनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैका निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्नु हुदैन ।

तर प्रचलित कानून वमोजिम आफुले पाएको मतदानको अधिकार प्रयोग गर्न यस्ले वन्देज लगाएको मानिने छैन ।

द) प्रचलित कानून वमोजिम दर्ता नभएका र नेपाल सरकारद्धारा मान्यता नपाएका कर्मचारीहरुको कुनै पनि संगठनको सदस्य वन्नु हुदैन ।

ध) प्रचलित कानूनले अनुमती दिएको तह वा श्रेणी भन्दा माथीका अधिकृत कर्मचारीहरु कुनै पनि कर्मचारी संगठनको सदस्य वन्न हुदैन ।

न) कसैलाई यातना वा यौन जन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गर्न हुदैन ।

प) आफ्नो कार्यालयमा काम गर्दा सवैसंग शिष्ट र हसिलो व्यबहार गर्नु पर्दछ ।

फ) आफ्नो कार्यालयमा पद अनुसार आफुले गर्ने जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी, स्वच्छ निश्पक्ष तथा छिटो छरितो ढंङ्गबाट कार्य सम्पादन गर्नु पर्दछ ।



Scanned by CamScanner

ब) आफ्नो कामसंग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यबहार गर्नु पर्नेछ ।

भ) स्थनीय तहका कर्मचारीहरुले बैदेशिक आवासिय अनुमति लिन वा त्यस्तो अनुमती प्राप्त गर्न का लागि आवेदन दिनु हुदैन ।

म) कुनै पनि कर्मचारीले कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाइदैन ।

य) कर्मचारीहरुले जनप्रतिनिधिको शिष्टाचार र मर्यादा कायम राख्नु पर्नेछ ।

र) यो आचार संहिता पालना भए नभएको अनुगमन एक तह माथीबाट गरिनेछ ।

ल) कर्मचारीहरु नगरपालिका प्रति उत्तरदायी हुनुपर्दछ ।

व) निहित स्वार्थको द्वन्द (Conflict of Interest) हुनु हुदैन ।

श) तोकिएको पोशाक र परिचयपत्र अनिवार्य प्रयोग गर्नु पर्दछ ।

ष) कार्यालय समयमा कार्यालय हाताभित्र कार्यालय प्रयोगको काम बाहेक फेसबुक, युट्युव, ट्वीटर लगायतका अन्य साइटहरु चलाउनु हुदैन ।

स) कार्यालय समयमा वा पदीय कामका सिलसिलामा मादक पदार्थको सेवन गर्नु हुँदैन । कार्यालय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सूर्ती, गुट्का वा पान सेवन गर्नु हुँदैन ।

ह) अन्धविश्वास, अपसंस्कृति, रुढीवादजस्ता पुरातन एवम् अबैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रक्रियामा सक्रिय सहभागिता जनाउनु पर्दछ ।

क्ष) विभिन्न जातजाती वा धर्म सम्प्रदायका प्रचलित सामाजिक संस्कारहरु जस्तै, विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, भोज, आदिमा समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नु हुँदैन र तडकभडक गर्न अरुलाई प्रोत्साहन गर्नु हुँदैन ।

४) स्थानीय तहका कर्मचारीहरुले पालना गर्नु पर्ने अन्य नियमहरु प्रचलित कानूनमा व्यबस्था भएकोमा सोही वमोजिम र सो मा व्यबस्था नभएकोमा यसै वमोजिम हुने छ ।



Scanned by CamScanner